प्राधिकरणको मिति २०७८.०४.०४ को निर्णय नं. ४५४४ बाट स्वीकृत

# 5G लगायत नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०७८

## १. पृष्ठभूमि

क. 5G लगायत नयाँ प्रविधिको परिक्षण (Trial) को लागि सेवा प्रदायकहरुलाई सहजीकरण गर्न र परिक्षणको शर्तहरु तोक्न रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिको निर्णय बमोजिम नेपाल दूरसंचार प्राधिकरणले यो कार्यविधि तयार गरेको हो।

ख. यस कार्यविधिको नाम “5G लगायत नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०७८” रहेको छ।

ग. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

## २. परिक्षणको लागि निवेदन पेश गर्नु पर्ने

क. सेवा प्रदायकले सम्भावित नयाँ प्रविधिको परिक्षणको मोडालिटी सहित देहाय बमोजिमको विवरण खुलाई प्राधिकरण समक्ष कार्ययोजना पेश गर्नु पर्नेछ।

अ. नयाँ प्रविधि सम्बन्धी जानकारी।

आ. परिक्षण गरिने स्थानहरु।

इ. उपलव्ध गराईने सेवाहरु र सेवा उपलव्ध गराउने प्रक्रिया (के-के सेवा के कसरी उपलब्ध गराउने)।

ई. परिक्षणको लागि आवश्यक फ्रिक्वेन्सीको विवरण (व्याण्ड, व्याण्डविथ, व्याण्ड प्रयोग गर्ने कारण, व्याण्डविथ खपत हुने आधार)।

उ. नेटवर्क जडान र सञ्चालनको समय तालिका।

ख. नयाँ प्रविधिको परीक्षण गर्दा ग्रामीण एवं शहरी दुवै क्षेत्र समेट्नु पर्नेछ।

ग. प्राप्त निवेदनको आधारमा अध्ययन गरी प्राधिकरणले नयाँ प्रविधिको परिक्षणको लागि स्वीकृति प्रदान गर्न सक्नेछ।

## ३. नेटवर्क निर्माण गर्नु पर्ने

क. दफा (२) बमोजिम प्राधिकरणबाट स्वीकृत भए पश्चात नयाँ प्रविधिको परिक्षणको लागि आवश्यक पर्ने उपकरणहरु (Hardware/Software) आयात तथा जडानको कार्य शुरु गर्नु पर्नेछ।

ख. परिक्षणको लागि आवश्यक उपकरणहरु आयात गर्न प्राधिकरणले सहजीकरण गर्नेछ।

ग. नयाँ प्रविधिको परिक्षणको लागि आयात गरिएको उपकरण जडान कार्य सम्पन्न गरी प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

घ. दफा (२) वमोजिम स्वीकृत भएको ३ महिना सम्ममा नयाँ प्रविधिको परीक्षणको लागि आवश्यक उपकरणहरु आयात तथा जडान सम्बन्धी कार्यमा कुनै प्रगति नदेखिएमा प्राधिकरणले दफा (२) वमोजिम प्रदान गरिएको स्वीकृति फिर्ता लिन सक्नेछ।

## ४. परिक्षण अवधि, फ्रिक्वेन्सी दस्तुर र सेवा शुल्क सम्बन्धमा

क. दफा (३) वमोजिम उपकरण जडान कार्य सम्पन्न गरी प्राधिकरणलाई जानकारी गराए पश्चात परिक्षण कालको समयावधि सुरु हुनेछ ।

ख. नयाँ प्रविधिको परिक्षणको लागि आवश्यक पर्ने फ्रिक्वेन्सी प्राधिकरणले उपलब्ध गराउने छ।

ग. नयाँ प्रविधिको परिक्षणको लागि प्रदान गरिएको फ्रिक्वेन्सी परिक्षण समाप्त भए पश्चात् प्राधिकरणले फ्रिक्वेन्सी फिर्ता लिनेछ।

घ. परिक्षणको लागि उपलब्ध गराइने फ्रिक्वेन्सीको अवधि अधिकतम एक वर्षको लागि हुनेछ।

ङ. परिक्षण समयावधिको लागि नेपाल सरकारलाई बुझाउनु पर्ने फ्रिक्वेन्सीको दस्तुर छुट हुनेछ।

च. प्रदायकले नयाँ प्रविधिको परिक्षणको रुपमा सञ्चालित सेवाबाट ग्राहकसँग कुनै पनि प्रकारको शुल्क लिन पाउने छैन।

## ५. <u>परिक्षण पश्चात् उपकरणहरुको व्यवस्थापन</u>

नयाँ प्रविधिको परिक्षणको अवधि समाप्त भए पश्चात् परिक्षणमा प्रयोग भएका उपकरणहरुको प्रयोग सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ।

अ. यदि उक्त उपकरणहरु विद्यमान सेवा (जस्तै 4G) मा समेत प्रयोग हुने भए प्राधिकरणबाट पुनः अनुमति लिई प्रयोग गर्नुपर्नेछ।

आ. उक्त उपकरणहरु तत्कालै नयाँ सेवामा प्रयोग हुने देखिएमा प्राधिकरणको रोहोबरमा उपकरणहरु शिल (Seal) गरी सुरक्षित स्थानमा राख्नु पर्नेछ।

इ. विद्यमान सेवामा प्रयोग नहुने र तत्कालै नयाँ सेवामा समेत प्रयोग नहुने उपकरणहरु सम्बन्धित Vendor लाई फिर्ता गरी प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

## ६. <u>विवरणहरु पेश गर्नु पर्ने</u>

क. सेवा प्रदायकले परिक्षणको क्रमका प्राविधिक विवरण लगायत प्राधिकरणले माग गरेका विवरणहरु नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

ख. सेवा प्रदायकले परिक्षणको क्रममा देखिएका असरहरु, समस्याहरु, चुनौतीहरु एवं राय/सुझावहरु सहितको प्रतिवेदन प्रत्येक तीन/तीन महिनामा प्राधिकरणमा पेश गर्नु पर्नेछ।

ग. परिक्षणको अवधि समाप्त भए पश्चात् सेवा प्रदायकले प्राधिकरणमा परिक्षण सम्बन्धी विस्तृत प्रतिवेदन पेश गर्नु पर्नेछ।

## ७. <u>सहजीकरण र निर्देशन पालना गर्नु पर्ने</u>

क. सेवा प्रदायकले नयाँ प्रविधिको परिक्षणको समयमा प्राधिकरणबाट हुने अनुगमन तथा निरीक्षणको क्रममा सहजीकरण गर्नु पर्नेछ।

ख. नयाँ प्रविधिको परिक्षण सम्बन्धमा प्राधिकरणबाट समय-समयमा दिईने निर्देशनहरु पालना गर्नु पर्नेछ।